सर्वोच्च अदालत
काठमाडौं

# प्यारोलसम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावनाः** प्यारोल बोर्डको सिफारिसबमोजिम कारागारमा रहेका कसूरदारलाई प्यारोलमा राख्न आदेश दिँदा जिल्ला अदालतले अपनाउनुपर्ने प्रक्रियात्मक एकरूपताका सम्बन्धमा कार्यविधि व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

सर्वोच्च अदालतले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ८ बमोजिम यो प्यारोलसम्बन्धी निर्देशिका बनाएको छ।

## परिच्छेद-एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्यारोलसम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका सर्वोच्च अदालतको पूर्ण बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३८ बमोजिम गठित प्रोवेशन तथा प्यारोल बोर्ड सम्झनुपर्छ।

(ग) "नीति" भन्नाले नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० सम्झनुपर्छ।

(घ) "कसूरदार" भन्नाले एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कारण प्यारोलमा राख्न भनी बोर्डले सिफारिस गरेको कसूरदार सम्झनुपर्छ।

(ङ) "अदालत" भन्नाले सम्बन्धित जिल्ला अदालत सम्झनुपर्छ।

(च) "मापदण्ड तथा शर्तहरू" भन्नाले संघीय प्रोवेशन तथा प्यारोल बोर्डबाट पारित कसूरदारलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० सम्झनुपर्छ।

## परिच्छेद-दुई
## बोर्डको सिफारिस जाँच, दर्ता र इजलासमा पेश गर्ने कार्यविधि

३. **सिफारिस जाँच र दर्ताः** (१) कुनै कसूरदारको हकमा ऐनको दफा २९ बमोजिम प्यारोलमा राख्ने आदेशको लागि बोर्डबाट सिफारिस प्राप्त हुन आएमा अदालतको मुद्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सिफारिस ऐनको दफा २९, नीति र मापदण्ड तथा शर्तहरूबमोजिम रहे नरहेको हेरी जाँच गर्नुपर्नेछ।

रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

रजिष्ट्रार

(२) उपदफा (१) बमोजिम जाँच गर्दा ऐनको दफा २९, नीति र मापदण्ड तथा शर्तहरू बमोजिम भएको देखिएमा प्राप्त भएको सिफारिस पत्र दर्ता किताबमा दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त सिफारिस साथ सम्बन्धित कसूरदारको निवेदन, प्यारोल अधिकृतको सिफारिस र बोर्डको निर्णयसमेतका आवश्यक कागजात संलग्न नगरिएको भएमा आवश्यक कागजात झिकाई आएपछि मात्र त्यस्तो सिफारिस दर्ता किताबमा दर्ता गरी कारबाही गरिनेछ।

(४) उपदफा (२) को प्रयोजनको लागि प्रत्येक अदालतमा अलग दर्ता किताब खडा गर्नुपर्नेछ।

४. **सिफारिस इजलाससमक्ष पेश गर्ने:** (१) अदालतको मुद्दा दर्ता गर्ने अधिकारीले दफा ३ बमोजिम दर्ता हुन आएका सिफारिस, सोसम्बन्धी कागजात संलग्न रहेको मिसिल र सम्बन्धित मुद्दाको फैसलासहितको सक्कल मिसिल साथै राखी आवश्यक कारबाहीको लागि दैनिक पेसी सूचीमा समावेश गरी इजलाससमक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम इजलासमा पेश गर्दा हरेक दिनको अपरान्ह एक बजेसम्म दर्ता हुन आएका सिफारिसलाई सोही दिनको पूरक पेसी सूचीमा र सो समयपश्चात् दर्ता हुन आएका सिफारिसलाई भोलिपल्टको पूरक पेसी सूचीमा चढाई इजलाससमक्ष पेश गर्नुपर्नेछ।

(३) यस दफाबमोजिम इजलाससमक्ष पेश हुने सिफारिस अदालतको साप्ताहिक पेसी सूचीमा प्रकाशन गर्न आवश्यक पर्ने छैन।

(४) कुनै अदालतमा विशेष प्रकृतिका निवेदन हेर्न छुट्टै इजलास गठन गरिने व्यवस्था भएकोमा यस दफाबमोजिम इजलाससमक्ष पेश हुने सिफारिससमेत सोही इजलासमा पेश गर्न बाधा पर्ने छैन।

(५) इजलाससमक्ष सिफारिस पेश भएको जानकारी तत्काल सम्बन्धित सरकारी वकील कार्यालय र प्यारोल अधिकृतलाई दिनुपर्नेछ।

## परिच्छेद-तीन
## सिफारिसउपर कारबाही र सुनुवाइ

५. **सिफारिस माथि कारबाही:** (१) दफा ४ बमोजिम पेश हुन आएका सिफारिसउपर कारबाही गर्दा थुनुवासरहको प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा इजलासले आवश्यकता अनुसार सम्बन्धित सरकारी वकील र प्यारोल अधिकृतको छलफलसमेत सुनी सिफारिसउपर सुनुवाइ गर्न सक्नेछ। त्यस्तो सुनुवाइमा विशेष प्रकृतिका निवेदनमा अपनाइने कार्यविधिलाई नै आवश्यक हेरफेरसहित इजलासले अवलम्बन गर्न सक्नेछ।

(३) यस दफाबमोजिमको कारबाहीमा सम्बन्धित कसूरदारसँग समेत कुनै कुरा बुझ्न वा प्रतिबद्धता लिन आवश्यक देखेमा निजलाई उपस्थित गराउन सम्बन्धित कारागार कार्यालयलाई इजलासले आदेश दिन सक्नेछ।

रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

रजिष्ट्रार

तर अन्यत्र जिल्ला स्थित कारागार कार्यालयमा रहेका कसूरदारलाई इजलासले भिडियो कन्फरेन्समार्फत उपस्थित गराउन आदेश दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम सुनुवाइ गर्दा कुनै विषयमा बुझ्न वा कुनै कागजात वा प्रमाण झिकाउन आवश्यक देखिएमा सोको लागि आदेश गर्न सकिनेछ।

(५) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेदबमोजिमको कारबाही अदालतले पन्ध्र दिनभित्र टुङ्गो लगाउनुपर्नेछ।

तर विदेशी नागरिक कसूरदारको हकमा त्यस्तो कारबाही सिफारिस दर्ता भएको दुई महिना भित्र टुङ्गो लगाउन सकिनेछ।

६. <u>इजलासले आदेश दिने:</u> (१) यस परिच्छेदबमोजिम गरिएको कारबाही र सुनुवाइबाट पेश भएको सिफारिससँग सम्बन्धित कसूरदारले आफूलाई ठहर भएको कसूरमा ऐनको दफा २९ बमोजिमको कैद अवधि भुक्तान गरेको, प्यारोल अधिकृतले दिएको सिफारिसमा उल्लेख भएको निजको आचरण सन्तोषजनक रूपमा राम्रो देखिएको र निजले मापदण्ड तथा शर्तहरू पालन गर्ने लिखित प्रतिबद्धता जनाएको देखिएमा निजलाई प्यारोलमा राख्न अनुमति दिने गरी आदेश जारी गर्नेछ।

(२) यस दफाबमोजिम आदेश जारी गर्दा सम्बन्धित कसूरदारले प्यारोलमा रहँदा पालना गर्नुपर्ने गरी संघीय प्रोवेशन तथा प्यारोल बोर्डले तोकिदिएका शर्तहरूको अतिरिक्त इजलासले तोकेका थप शर्तहरूसमेत पालना गर्ने लिखित प्रतिबद्धता लिन सक्नेछ।

(३) ऐनको दफा २९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित नकारात्मक सूचीमा समावेश कसूरका कसूरदारलाई समेत प्यारोलमा राख्न सिफारिस गरिएको, पटके कसूरदारलाई सिफारिस गरिएको, इजलासले तोकिदिएका शर्त वा संघीय प्रोवेशन तथा प्यारोल बोर्डले तोकिदिएका शर्तहरू पालना गर्न इन्कार गरेको र अदालतले पीडितलाई दिनुपर्ने भनी निर्धारण गरेको क्षतिपूर्ति रकम दाखिला नगरेका अवस्थाका कसूरदारलाई आधार र कारण खोली इजलासले प्यारोलमा राख्ने अनुमति दिने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्यारोलमा राख्न सिफारिस गरिएको कुनै कसूरदार विदेशी नागरिक रहेको र निजको नागरिकताको देशले नेपाली नागरिकलाई त्यस्तै प्रकृतिको कसूरमा प्यारोलमा राख्न अनुमति दिने कानुनी व्यवस्था गरेको रहेछ भने पारस्परिकताको आधारमा अदालतले त्यस्तो विदेशी कसूरदारलाई प्यारोलमा राख्न अनुमति दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम विदेशी नागरिक कसूरदारलाई प्यारोलमा राख्ने अनुमति दिने आदेश गर्दा सम्बन्धित मुलुकमा प्यारोल अधिकृतको निगरानीमा बस्ने व्यवस्था रहेको, कसूरदारले भविष्यमा कुनै फौजदारी कसूर नगर्ने लिखित प्रतिबद्धता गरेको र अदालतले दिएको शर्तहरू पालना नगरेमा नगरेमा पुनः सम्बन्धित देशको कारागारमा पठाउन सक्ने व्यवस्था रहेको कुरा यकिन गरी कसूरदारको

रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

रजिष्ट्रार

आचरण र व्यवहारसम्बन्धी आवधिक प्रतिवेदन नेपालको सम्बन्धित अदालतलाई पठाउने सम्बन्धमा सम्बन्धित देशको राजदूतावास वा वाणिज्यदूतावाससँग लिखित प्रतिबद्धता लिनुपर्नेछ।

## परिच्छेद-चार

## प्यारोलमा बस्ने कसूरदारलाई अदालतले तोक्न सक्ने थप शर्तहरू

७. **अदालतले तोक्न सक्ने थप शर्तहरुः** (१) अदालतले दफा ६ को उपदफा (२) बमोजिम आदेश जारी गर्नुअघि प्यारोलमा बस्ने कसूरदारले देहायका मध्ये कुनै वा सबै शर्तहरूसमेत पालना गर्नुपर्ने गरी थप शर्तहरू तोक्न सक्नेछः

(क) अदालत वा सम्बन्धित प्यारोल अधिकृतले खोजेको समयमा अदालतमा उपस्थित हुनुपर्ने,

(ख) आफू बसोबास गर्ने ठेगाना तथा सम्पर्क नम्बर परिवर्तन भएमा प्यारोल अधिकृतमार्फत तत्काल अदालतलाई परिवर्तित ठेगाना र सम्पर्क नम्बर उपलब्ध गराउने,

(ग) आफूविरुद्ध फौजदारी कसूरमा कुनै अदालतबाट पक्राउ पुर्जी जारी भएमा प्यारोल अधिकृतमार्फत अदालतलाई जानकारी गराउने,

(घ) आफ्नो साथमा कुनै पनि प्रकारको हतियार वा अवैध सामानहरू नराख्ने,

(ङ) चालक अनुमतिपत्र विना कुनै पनि किसिमको सवारी साधन नचलाउने,

(च) कुनै सीपमूलक पेशा वा व्यवसाय शुरु गरेमा वा गरिरहेको पेशा वा व्यवसाय परिवर्तन गरेमा प्यारोल अधिकृतमार्फत अदालतलाई जानकारी दिने,

(छ) विदेश भ्रमण नगर्ने र आफ्नो वा परिवारका सदस्यको स्वदेशमा स्वास्थ्य उपचार हुन नसक्ने भई विदेशमा उपचारको लागि जानुपर्ने बाध्यत्मक अवस्था परेमा मेडिकल बोर्डको सिफारिससहित अनुमतिको लागि अदालतमा निवेदन दिनुपर्ने,

(ज) प्यारोलमा रहेको कसूरदारको निगरानी वा अनुगमनको सहजताको लागि सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयमा समेत अभिलेख राख्न लगाउने।

(झ) अदालतले आवश्यक र उपयुक्त देखेका अन्य शर्तहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्यारोलमा बस्नको लागि कुनै धरौट वा जमानत राख्नुपर्ने गरी कुनै शर्त तोकिने छैन।

रजिष्ट्रार

सर्वोच्च अदालत काठमाडौं

रजिष्ट्रार

## परिच्छेद-पाँच

## प्यारोलसम्बन्धी आदेशको कार्यान्वयन र अनुगमन

८. **आदेशको कार्यान्वयनः** (१) अदालतले यस निर्देशिकाबमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्न आदेश दिएमा त्यसको जानकारी तत्काल सम्बन्धित प्यारोल तथा प्रोवेशन बोर्डलाई दिई सोको बोधार्थ सम्बन्धित प्यारोल अधिकृतलाई समेत दिनुपर्नेछ।

(२) प्यारोलमा राख्ने आदेशको कार्यान्वयन गर्नु सम्बन्धित कारागार कार्यालय, प्यारोल तथा प्रोवेशन बोर्ड तथा प्यारोल अधिकृतको समेत कर्तव्य हुनेछ।

(३) सम्बन्धित प्यारोल तथा प्रोवेशन बोर्डले हरेक महिना अदालतबाट प्यारोलमा राख्ने अनुमति प्रदान गरी दिएको आदेश र प्यारोलमा रहेका कसूरदारको विवरण संघीय प्रोवेशन तथा प्यारोल बोर्डमा समेत पठाउनुपर्नेछ।

९. **प्यारोलमा बसेको कसूरदारको अनुगमनः** (१) अदालतको आदेशबमोजिम प्यारोलमा रहेका कसूरदारको आचरण तथा व्यवहार र तोकिएका शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने कर्तव्य प्यारोल अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुमगन गर्दा देखिएको यथार्थ अवस्था उल्लेख गरी हरेक तीन महिनामा अदालतमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

१०. **कसूरदारले बाँकी कैद भुक्तान गरेको मानिनेः** (१) अदालतले दिएको आदेश र तोकिएका शर्तहरूको परिपालना गरी कसूरदारले बाँकी कैद अवधि बराबरको अवधि सम्पन्न गरेमा निजको बाँकी कैद सजाय भुक्तान भएको मानिनेछ। त्यस्तो अवधि भुक्तान भएपछि अदालतमा रहेको निजको कैदको लगतमा असुली जनाइनेछ।

(२) दफा ९ बमोजिम प्यारोल अधिकृतले पेश गरेको प्रतिवेदनबाट वा अन्य कुनै भरपर्दो स्रोतबाट कसूरदारले तोकिएका शर्तको पालना नगरेको वा अन्य कुनै फौजदारी कसूर गरेको भनी पक्राउ पुर्जी जारी भएमा वा पक्राउ परेको जानकारी हुन आएमा अदालतले यथाशीघ्र निजलाई बाँकी कैद भुक्तानको लागि कारागारमा पठाउने आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम अदालतबाट आदेश भएमा सोको जानकारी तत्काल सम्बन्धित कारागार कार्यालय, प्यारोल तथा प्रोवेशन बोर्ड तथा प्यारोल अधिकृतलाई समेत दिनुपर्नेछ।

रजिष्ट्रार

सर्वोच्च अदालत
काठमाडौं

रजिष्ट्रार

## परिच्छेद-छ
## विविध

**११. अभिलेख राख्ने:** (१) यस निर्देशिकाबमोजिम अदालतले दिएको आदेश र सोसँग सम्बन्धित मिसिलको अभिलेख तहसिल शाखामा सुरक्षित राख्नुपर्नेछ।

(२) यस निर्देशिकाबमोजिम दर्ता भएको सिफारिसको लगत र फछ्र्यौटको अद्यावधिक विवरण तहसिल शाखाले यससम्बन्धी सफ्टवेयरमा जनाई राख्नुपर्नेछ र अदालतको मासिक प्रतिवेदनमा समेत समावेश गर्नुपर्नेछ।

**१२. निर्देशन दिन सक्ने:** (१) प्यारोल प्रणालीको प्रभावकारिताको लागि अदालतले सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्ड र प्यारोल अधिकृतलाई समय समयमा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्ड र प्यारोल अधिकृतको कर्तव्य हुनेछ।

**१३. बाधा अडकाउ फुकाउने:** (१) यो निर्देशिका बमोजिम प्यारोलसम्बन्धी काम कारबाही गर्दा कुनै अदालतमा कुनै कार्यविधिसम्बन्धी बाधा अवरोध उत्पन्न भएमा सम्बन्धित अदालतले आवश्यक र उपयुक्त व्यवस्था गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अडकाउ फुकाएको विषयको जानकारी तीन दिनभित्र सम्बन्धित उच्च अदालत वा इजलास र सर्वोच्च अदालतमा पठाउनुपर्नेछ।

रजिष्ट्रार